आज मिति २०७९/०२/२४ गते बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता कुमारी |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बढई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री केशवराज सुवेदी | सदस्य सचिव | बुद्धभूमि न.पा. | |

## मिति :२०७९।०२।२३ गतेको बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णयः** मिति २०७८।०१।०९ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरू कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै चालु आ.व. २०७८।७९ को यस अवधि सम्म नगरपालिकाबाट भए गरेका सबै कामको समिक्षा गरी सबै काम तथा निर्णयलाई अनुमोदन गरियो।

२. **धन्यवाद ज्ञापन सम्बन्धमा।**

**निर्णयः** स्थानीय तह सदस्य निर्वाचन -२०७९ मा आफ्नो अमूल्य मत प्रदान गरी पुनः ५ वर्षको लागि निर्वाचित गराई जनताको सेवा गर्न अवसर प्रदान गर्ने आम नगरवासी, आमा बुवा, दाजु–भाई, दिदीबहिनी तथा निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन सहयोग गर्ने निर्वाचन अधिकृतको कार्यालय, राजनैतिक दलहरू, संघ संस्थाका प्रतिनिधिहरू, पत्रकार, सुरक्षाकर्मी तथा राष्ट्र सेवक कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

३. **महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।**

**निर्णयः** यस बुद्धभूमि नगरपालिकाको आ.व. २०७७।७८ को महालेखा परीक्षकले म.ले.प. को प्रारम्भिक प्रतिवेदनमा औल्याएका बेरूजु लगायतका विषयको सम्बन्धमा समिक्षा गरियो। साथै रकम असुल उपर गर्नुपर्ने प्रमाण पेश गर्नु पर्ने कागजात तथा अन्य अनियमित तथा सौद्धान्तिक बेरूजुको बारेमा कागजात पेश गरी समपरीक्षण गर्न सम्बन्धित पक्षलाई पत्राचार गर्ने निर्णय गरियो।

४. **बार्षिक बजेट तर्जुमा समय तालिका सम्बन्धमा।**

**निर्णयः** यस बुद्धभूमि नगरपालिकाका आ.व. २०७९।०८० को बार्षिक बजेट तर्जुमा समयमै सम्पन्न गर्नको लागि तपसिलका समय सीमा भित्रमा बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने गरी कार्य तालिका स्वीकृत गरियो।

**तपसिलः**

| क्र.स. | कार्यक्रम/ कार्य | समय | जिम्मेवारी निकाय |
|---|---|---|---|
| १ | राजश्व परामर्श समिति | २०७९।०२।२५ | राजश्व शाखा |
| २ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | २०७९।०२।२६ | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | २०७९।०२।२६ | योजना शाखा |
| ४ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | २०७९।०२।२७ | प्रमुख,योजना अनुगमन तथा प्रशासन शाखा |
| ५ | सामाजिक विकास समिति | २०७९।०२।२८ | प्रमुख शिक्षा, युवा तथा खेलकुद शाखा |
| ६ | पूर्वाधार विकास समिति | २०७९।०२।२७ | इ. प्रमुख पूर्वाधार शाखा |
| ७ | विधेयक समिति | २०७९।०२।२८ | सचिव न्यायिक समिति |
| ८ | आर्थिक विकास समिति | २०७९।०२।२८ | प्रमुख पशु विकास शाखा |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन समिति | २०७९।०२।२८ | इ. पूर्वाधार शाखा |
| १० | बजेट तर्जुमा समिति अन्तिम प्रतिवेदन | २०७९।०३।०५ | तर्जुमा समिति संयोजक |
| | कार्यपालिकामा पेश | तोकिएको समयमा | |

केशव राज...
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

।

५. **प्रशासकीय भवन निर्माण सम्बन्धमा।**

**निर्णयः** बुद्धभुमी नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि सबै वडाहरुलाई पायक पर्ने मध्य भाग (वीच) वडा नं. ४ अन्तर्गत पूर्व–पश्चिम लोकमार्गको हनुमानचोक, बुड्ढीलाई स्थानलाई नेपाल सरकार मन्त्री परिषदको निर्णय बमोजिम नेपाल राजपत्रको खण्ड ६७ संख्या ५७ भाग ५ मिति २०७४।११।१४ गते प्रकाशित राजपत्र जारी सूचना अनुसार बुद्धभूमि नगरपालिकाको उक्त स्थानमा केन्द्र तोकीएको र उक्त केन्द्रलाई बुद्धभूमि नगरपालिकाको मिति २०७४।५।२७ गते बसेको प्रथम नगर सभाको बैठक र मिति २०७५।३।२८ गतेको तेस्रो नगर सभाको निर्णय नं. ३ बमोजिम उक्त स्थानलाई केन्द्र कायम गरी प्रशासकीय भवन लगायत अन्य पूर्वाधार निर्माण गर्ने निर्णय भए बमोजिम नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि बजेट विनियोजनको लागि संघीय सरकारमा अनुरोध गर्ने। साथै सो भवन निर्माणको लागि बुद्धभूमि नगरपालिका वडा नं. ४ बुडढीचोकमा कम्तिमा १० विद्या सरकारी जग्गा उपलब्ध गराईदिनेको लागि सरोकारवाला निकायमा अनुरोध गर्ने निर्णय गरियो।

६. **विषयगत समिति गठन सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको (कार्य विभाजन) नियमावली २०७४ को अनुसूची ५ मा व्यवस्था भए बमोजिम नगर कार्यपालिकामा निर्णयका लागि पेश भएका प्रस्तावमा आवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिनको लागि देहाय बमोजिमका समिति गठन गर्ने निर्णय गरियो।

**क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | कमला चौधरी | संयोजक | कार्यपालिका सदस्य | |
| २ | अनितादेवी यादव | सदस्य | कार्यपालिका सदस्य | |
| ३ | प्रभावती लोहार | सदस्य | कार्यपालिका सदस्य | |
| ४ | प्रमुख योजना, अनुगमन तथा पशासन शाखा | सदस्य सचिव | नगरपालिका | |

**ख) सामाजिक विकास समिति**

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | कपिलदेव तिवारी | संयोजक | वडा अध्यक्ष | |
| २ | रोम बहादुर थापा क्षेत्री | सदस्य | वडा अध्यक्ष | |
| ३ | एलेन्द्र प्रसाद कुर्मी | सदस्य | वडा अध्यक्ष | |
| ४ | प्रमुख शिक्षा, युवा तथा खेलकुद शाखा | सदस्य-सचिव | नगरपालिका | |

केशव राज खड्का
प्रमुख प्रशासकीय अधिकृत

२०७५।०२।२३
केशव कुमार श्रेष्ठ
नगर प्रमुख

ग) पूर्वाधार विकास समिति :

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | तेज बहादुर बस्नेत | संयोजक | वडा अध्यक्ष | |
| २ | शालिकराम यादव | सदस्य | वडा अध्यक्ष | |
| ३ | विमलादेवी कुर्मी | सदस्य | कार्यपालिका सदस्य | |
| ४ | इन्जिनियर प्रमुख पूर्वाधार शाखा | सदस्य- सचिव | नगरपालिका | |

घ) विधेयक समिति :

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | सन्दीप कुमार पाण्डेय | संयोजक | वडा अध्यक्ष | |
| २ | सुरज प्रताप राणा | सदस्य | वडा अध्यक्ष | |
| ३ | सुशील कुमार चौधरी | सदस्य | वडा अध्यक्ष | |
| ४ | सचिव न्यायिक समिति | सदस्य-सचिव | नगरपालिका | |

ङ) आर्थिक विकास समिति :

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमोद आचार्य | संयोजक | वडा अध्यक्ष | |
| २ | प्रभावती लोहार | सदस्य | कार्यपालिका सदस्य | |
| ३ | तारादेवी सुनार | सदस्य | कार्यपालिका सदस्य | |
| ४ | प्रमुख पशु विकास शाखा | सदस्य सचिव | नगरपालिका | |

च) वातावरण तथा विपत व्यवस्थापन समिति :

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | रोम बहादुर थापा क्षेत्री | संयोजक | वडा अध्यक्ष | |
| २ | शिवाली थारू | सदस्य | कार्यपालिका सदस्य | |
| ३ | अनिता कुमारी पासी | सदस्य | कार्यपालिका सदस्य | |
| ४ | इन्जिनियर पूर्वाधार शाखा | सदस्य सचिव | नगरपालिका | |

केशव राज ... 
प्रमुख प्रशासकीय अधिकृत

२०७५।०२।२३
...कुमार श्रेष्ठ
... प्रमुख

७. **अनुगमन समिति र आर्थिक समिति, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको (कार्य विभाजन) नियमावली २०७४ को अनुसूची २ मा व्यवस्था भए बमोजिम नगर कार्यपालिकामा निर्णयका लागि पेश भएका प्रस्तावमा आवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिनको लागि देहाय बमोजिमका समिति गठन गर्ने निर्णय गरियो।

**अनुगमन समितिः**

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मिरा थारू | संयोजक | नगर उप प्रमुख | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | प्र.प्र. अधिकृत | |
| ३ | श्री कमलेश बरई | सदस्य | कार्यपालिका सदस्य | |
| ४ | श्री तारादेवी सुनार | सदस्य | कार्यपालिका सदस्य | |
| ५ | विषयगत शाखा प्रमुख | सदस्य | विषयगत शाखा | |
| ६ | योजना उप शाखा | सदस्य सचिव | योजना उपशाखा | |

**आर्थिक समिति (सार्वजनिक लेखा समिति)**

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | श्री गोविन्द प्रसाद आचार्य | संयोजक | वडा अध्यक्ष | |
| २ | श्री ओम प्रसाद खनाल | सदस्य | वडा सदस्य | |
| ३ | श्री वेद प्रकाश थारू | सदस्य | वडा सदस्य | |
| ४ | श्री अरूण प्रताप सिंह | सदस्य | वडा सदस्य | |
| ५ | श्री मिना नेपाली | सदस्य | वडा सदस्य | |
| ६ | श्री आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य सचिव | आर्थिक प्रशासन शाखा | |

**राजस्व परामर्श समिति :**

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मिरा थारु | संयोजक | उप प्रमुख | |
| २ | श्री बुद्धभूमी न.पा. | सदस्य | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | श्री गोविन्द प्रसाद आचार्य | सदस्य | कार्यपालिका सदस्य | |
| ४ | श्री कमला चौधरी | सदस्य | कार्यपालिका सदस्य | |
| ५ | श्री उद्योग वाणिज्य संघ | सदस्य | प्रतिनिधि | |

केशव ... प्रशासकीय अधिकृत

२०७५।०२।२३
केशव कुमार श्रेष्ठ
प्रमुख

| | | | |
|---|---|---|---|
| ६ | श्री घरेलु तथा साना उद्योग | सदस्य | प्रतिनिधि |
| ७ | श्री बुद्धभूमी न.पा. | सदस्य सचिव | राजश्व शाखा प्रमुख |

**स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति:**

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | संयोजक | नगर प्रमुख | |
| २ | श्री मिरा थारु | सदस्य | नगर उप प्रमुख | |
| ३ | श्री तेज बहादुर बस्नेत | सदस्य | वडा अध्यक्ष | |
| ४ | श्री शालिकराम यादव | सदस्य | वडा अध्यक्ष | |
| ५ | श्री अनिता देवी यादव | सदस्य | कार्यपालिका सदस्य | |
| ६ | श्री कमलेश बरई | सदस्य | कार्यपालिका सदस्य | |
| ७ | श्री बुद्धभूमी न.पा. | सदस्य सचिव | योजना शाखा | |

**बजेट तथा कार्यक्रम तर्जुमा समिति:**

| क्र.स. | नाम | पद | प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मिरा थारु | संयोजक | नगर उप प्रमुख | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | प्र.प्र. अधिकृत | |
| ३ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | सदस्य | संयोजक | |
| ४ | सामाजिक विकास समिति | सदस्य | संयोजक | |
| ५ | पूर्वाधार विकास समिति | सदस्य | संयोजक | |
| ६ | आर्थिक विकास समिति | सदस्य | संयोजक | |
| ७ | वातावरण तथा विपद् व्यवस्थापन समिति | सदस्य | संयोजक | |
| ८ | योजना शाखा प्रमुख | सदस्य सचिव | योजना शाखा | |

८. **निर्वाचन खर्च व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय:** स्थानीय तह सदस्य निर्वाचन २०७९ को लागि यस बुद्धभूमि नगरपालिकाको कार्यालयमा स्थापित निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन सुरक्षा प्रयोजनका जिल्ला प्रशासन कार्यालय तौलिहवाको मिति २०७९।०१।२२ गतेको पत्र तथा इलाका प्रहरी कार्यालय गोरुसिंगेको मिति २०७८।१२।२४ गते च.नं. १७६० को पत्रबाट सवारी साधन, चालक र इन्धन समेत माग भै आएको हुनाले प्रयोग गरिएका सवारी साधनको लागि इन्धन खरिद लगायत कार्यालयबाट निर्वाचन कामको प्रयोजनको लागि खर्च भएको इन्धन तथा निर्वाचन काममा

सहजीकरणको लागि खटिएका कर्मचारीहरूको सुविधा बापतको खर्च रू. २,२५,०००।– चालू प्रशासनिक खर्च वा सामाजिक विकास क्षेत्रका कार्यक्रमहरूबाट बचत भएको रकमबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

९. **आयोजना व्यवस्थापन सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाबाट आ.व. २०७८।०७९ को बार्षिक स्वीकृत कार्यक्रम तथा संघीय सरकार र प्रदेश सरकारको अनुदानबाट सञ्चालित योजनाहरू कार्यान्यवन गर्ने सम्झौता मिति २०७९ जेठ मसान्त सम्म रहेको (उपभोक्ता समिति र निर्माण व्यवसायी समेतका) कोभिड १९ तथा २०७९ बैशाखा ३० गतेको स्थानीय तहको निर्वाचन समेतको आधारमा योजना सम्पन्न हुन नसकेको योजनाको सम्पन्न गरिसक्ने म्याद २०७९ असार १० गते सम्म निर्माण व्यवसायीबाट सञ्चालित योजनाको सम्बन्धमा प्राविधिक कर्मचारीको पुष्ट्याई समेत संलग्न राख्ने गरी थप गर्ने निर्णय गरियो।

१०. **राष्ट्रिय परिचय पत्र वितरण सम्बन्धमा।**

**निर्णयः** राष्ट्रिय अभियानको रूपमा सञ्चालनमा रहेको राष्ट्रिय परिचय पत्र नाम दर्ता तथा वितरणको लागि प्रत्येक वडामा जिल्ला प्रशासन कार्यालयबाट टोली खटिई आएकोले सो टोलीबाट सबै नगरबासीको राष्ट्रिय परिचय पत्र बन्ने गरी सम्बन्धित वडाबाट सहजीकरण गर्ने। साथै सो टोलीले कार्यालय सयमको अतिरिक्त समयमा पनि काम गर्ने भएकोले टोलीका सदस्यलाई चिया, खाजा, पानी सुरक्षा व्यवस्थापन लगायतको सामान्य व्यवस्थापन (पाल, टेबुल, कुर्सीको व्यवस्थापन) आदी काम गर्न एउटा मात्र स्टेशन भएको वडामा अधिकतम रू. २५ हजार र २ दुई वटा स्टेशन भएको वडाको लागि रू. ४० हजार रकम चालु प्रशासनिक एवं कार्यक्रम खर्चबाट बचत हुने रकमबाट खर्च गर्ने निर्णय गरियो।

११. **पशु सेवा अधिकृत पदमा कार्यरत अञ्जु आचार्यको अध्ययन विदा सम्बन्धमा।**

**निर्णयः** यस बुद्धभूमि नगरपालिकाको पशु विकास शाखामा कार्यरत अधिकृत छैठौं अन्जु आचार्य को सेवा अवधि रहेको र निजले उच्च शिक्षा हासिल गर्नको लागि नेपाल सरकार मार्फत छात्रवृत्तिमा मनोनयन भएकोले पशु सेवा विभागको मिति २०७९।२।०९ च.नं. १८७ बमोजिम Nepal Polytechnic Institute (NPI) मा B.V.Sc. & A. H. अध्ययनको लागि ५ वर्ष अध्ययन विदा माग गरेकोमा निजामती सेवा ऐन २०४९ तथा निजामती सेवा नियमावली बमोजिम विदा स्वीकृतको लागि सम्बन्धित निकायमा सहमति दिने निर्णय गरियो ।

१२. **गोरूसिगें खानेपानी आयोजना सम्बन्धमा।**

**निर्णयः** यस बुद्धभूमि नगरपालिकाको वडा नं. २ मा सञ्चालित गोरूसिगें शहरी खानेपानी तथा सरसफाई आयोजनाको कार्यान्वयनको लागि मिति २०७७।०९।०२ मा आयोजना इकाई नगरपालिका र उपभोक्ता समिति बीच भएको सम्झौता बमोजिमको सो आयोजनाको कार्यान्वयनको लागि ठेक्का सम्झौता रकमको ३% बराबरको रकम रू. ५८,८८,२६६।- (अक्षेरपी अन्ठाउन्न लाख अठासी हजार दुई सय छैयासठ्ठी रूपैया मात्र) गोरूसिगें शहरी खानेपानी तथा सरसफाई आयोजना उपभोक्ता समितिको खातामा पेश्की स्वरूप उपलब्ध गराउने निर्णय गरियो।

१३. **रि-फ्रेश सेन्टर सञ्चालन सम्बन्धमा।**

**निर्णयः** जिल्ला ट्राफिक कार्यालय कपिलवस्तुको च.नं. ८७१ मितिः२०७९।०२।२३ गतेको पत्रानुसार यस नगरपालिका क्षेत्रभित्र पर्ने गोरुसिंगेमा लामो दुरीको सवारी साधनलाई रोकी सवारी चालक तथा सह-चालकलाई रि-फ्रेश गराए पश्चात मात्र सवारी साधन छाड्ने व्यवस्थाको लागि यस अघि पनि रि-फ्रेशमेन्ट सेन्टर विकास गर्न भनी सामान्य

पूर्वाधार तयार भएको यस नगरपालिकाको वडा नं. २ गोरूसिगें ट्राफिक प्रहरी कार्यालय नजिकको स्थानमा तत्काले रि-फ्रेश सेन्टर तयार गर्नको लागि उक्त स्थानमा रि-फ्रेश सेन्टर बनाउने । उक्त योजनाको लागि प्राविधिकले तयार गरेका लागत अनुमान रू. २,५६,७७४।९७ रकम लाग्ने देखिएकोले सो रकम विभिन्न आयोजनाबाट कट्टा गरिएको कन्टेन्जेन्सी रकमबाट खर्च गर्ने निर्णय गरियो ।

१४. **खोलाको IEE सम्बन्धमा ।**

**निर्णय:** यस नगरपालिका क्षेत्रभित्रका नदीका नदीजन्य पदार्थबाट नगरपालिकाले नियमानुसार राजश्व संकलन गर्नका लागि आगामी आ.व. २०७९।०८० को लागि प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

१५. **जस्तापाता खरिद सम्बन्धमा ।**

**निर्णय:** आशन्न गर्मीबाट आगलागी हुन सक्ने हावाहुरीबाट जस्तापाता उडाई घरवार विहिन बनाउन सक्ने तथा बाढीपहिरोबाट हुन सक्ने डुवान आदिबाट हुनसक्ने प्राकृतिक विपत्तिलाई समाधान गर्न कर्कट जस्तापाताको निश्चित परिमाण मौज्दात राख्नु पर्ने हुन्छ । नगरपालिकाबाट मिति २०७८।११।२२ र मिति २०७८।१२।०८ मा कर्कटपाताकँत्र लागि E-bidding मार्फत सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कुनै पनि ठेक्का नपरेकोले आशन्न प्राकृतिका विपत्ती समेतलाई दृष्टिगत गरी कम्तिमा ५ लाख बराबरको जस्तापाता प्रचलित बजारमूल्य (E-bidding गर्दा प्रचलित बजार मुल्य नगर दररेट भन्दा बढी रहेको भनी नपरेकोले ) बाट खरिद गर्ने । उक्त खरिदको भुक्तानी विपद् व्यवस्थापन कोषबाट भुक्तान गर्ने निर्णय गरियो ।

१६. **विविध:**

क) बुद्धभी नगरपालिका ३ नं. वडा कार्यालयको च.नं. १६५८ मिति २०७९।०२।१६ गतेको सिफारिस पत्र अनुसार टाँकू निवासी असरनिया थारूको मिति २०७९।०२।१४ गते आएको हावाहुरीले घरको छाना (टिन) उडाईदिएकोले र निजको घरको आर्थिक अवस्था कमजोर भएकोले घरको छाना लगाउनको लागि विपद् व्यवस्थापन शीर्षकबाट रू. १२,०००।– दिने निर्णय गरियो ।

ख) बुद्धभी नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. १९३९ मिति २०७९।०२।१६ गतेको सिफारिस पत्र अनुसार वडा नं. ९ निवासी वेद प्रसाद थापाको मिति २०७९।०२।२० गते आएको हावाहुरीले घरको छाना (टिन) उडाईदिएकोले र निजको घरको आर्थिक अवस्था कमजोर भएकोले घरको छाना लगाउनको लागि विपद् व्यवस्थापन शीर्षकबाट रू. १२,०००।– दिने निर्णय गरियो ।

**ग) रकम भुक्तानी सम्बन्धमा ।**

बुद्धभूमि नगरपालिकाको जस्तापाता वितरणद्वारा फुसको छाना मुक्त नगरपालिका/ सुरक्षित खरको छाना मुक्त घर निर्माण सम्बन्धी नगर स्तरीय समितिको मिति २०७७।१०।२६ गतेको निर्णय बमोजिम जस्तापाता वितरण कार्यमा खटिने कर्मचारीलाई जस्तापाताको लोड अनलोड वापत प्रति वण्डल रू. ४० रूपैयाको दरले उपलब्ध गराइने खर्च विपद् व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

२०७९।०२।२३
केशव राज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२०७९।०२।२३
केशव कुमार श्रेष्ठ
नगर प्रमुख